# सूचनाको हक सम्बन्धी ऐन , २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको २०७९ साल श्रावण १ देखि असोज मसान्तसम्म गरिएका मुख्य मुख्य क्रियाकलापहरुको विवरण




## राष्ट्रिय महिला आयोग

## भद्रकाली प्लाजा, काठमाडौं

मिति २०७९ साल कार्तिक ५ गते

## विषयसूची

१. आयोगको स्वरुप र प्रकृति : ........ ३
२. आयोगको  काम, कर्तव्य र अधिकार ........ ३
३. आयोगको संगठन तालिका ........ ६
४. आयोगको शाखागत कार्य विवरण ........ ८
५ आयोगबाट प्रदान गरिने सेवा : ........ १२
६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी ........ १३
७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ १४
८. निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ १४
९. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ १४
१०. सम्पादन गरेको कामको विवरण ........ १४
क) अन्तर्क्रिया कार्यक्रम ........ १५
ख) लैंगिक  केन्द्रबिन्दू बैठक ........ १८
ग) सिड सम्बन्धी परामर्श बैठक ........ १८
घ) अनुगमन सम्बन्धी कार्यक्रम ........ २०
ङ) सम्पादित अन्य कियाकलापहरु ........ २२
च) राष्ट्रिय महिला आयोगले सञ्चालन गरेको "खबर गरौं ११४५ हेल्पलाइन सेवा" सम्वन्धी जानकारीः ........ २२
११. प्रमुख र सूचना अधिकारीको नाम ........ २३
१२. ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची ........ २४
१३. आम्दानी खर्च र आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ........ २४
१४. राष्ट्रिय महिला आयोगको वेवसाइट ........ २४
१५. राष्ट्रिय महिला आयोगले प्राप्त गरेको वैदेशिक सहायता सम्वन्धी विवरण : ........ २४
१४. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको  नामावली ........ २४
१५. सार्वजनिक निकायमा गरेका सूचना परेका सूचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषय ........ २५
१६. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण ........ 25

## १. आयोगको स्वरुप र प्रकृति :

महिलाहरुको हक हितको संरक्षण र संबर्द्धन गरी महिलाहरुलाई विकासको मूल प्रवाहमा प्रभावकारी रुपमा समाहित गर्न वि.सं. २०५८ फागुन २३ (७ मार्च २००२) गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट विधिवत रुपमा राष्ट्रिय महिला आयोगको स्थापना भएको हो । तत् पश्चात् २०६३ सालमा राष्ट्रिय महिला आयोग ऐन र २०६५ सालमा नियमावली जारी भई कार्य सञ्चालन हुँदै आएको थियो । वि.सं.२०७२ मा नेपालको संविधान जारी भए पश्चात् राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गरेपछि आयोगको कार्यक्षेत्र र स्वरुप परिवर्तन भई अधिकार र कर्तव्य समेत संविधानमै तोकिएको छ । आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्य रहने गरी संवैधानिक व्यवस्था गरिएको छ । आयोगले संवैधानिक स्वरुप प्राप्त गरे पश्चात् लामो अवधिपछि गत २०७७ माघ २१ गते अध्यक्ष र दुईजना सदस्यहरुको नियुक्ति र अन्य दुईजना सदस्यहरूको मिति २०७८ आषाढ १० गते नियुक्ति भई आयोगले पूर्णता प्राप्त गरेसँगै राष्ट्रिय महिला आयोगले आफ्ना गतिविधिहरुलाई तदारुकताका साथ अगाडि बढाएको छ ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय महिला आयोग ऐन, २०७४ अनुसार आयोगको उद्देश्य बुँदागत रुपमा निम्न बमोजिम रहेको छ ।

- महिलाको हकहित संरक्षण एवं संबर्द्धन गर्ने ।
- महिला सशक्तीकरण मार्फत विकासको मूल प्रवाहमा महिला वर्गलाई प्रभावकारी रुपमा समाहित गर्ने
- महिलाको समग्र विकास गरी लैंगिक न्याय कायम गर्ने
- लैंगिक समानतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धिहरु तथा दस्तावेजको कार्यान्वयनको अनुगमन गर्ने ।

नेपालको संविधानको धारा २५३ बमोजिम राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छ:

(क) महिलाको हक हितसँग सरोकार राख्ने, नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, महिला विरुद्धका भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने वा गराउने ।

(घ लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून वमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

राष्ट्रिय महिला आयोगले निर्णय गरी आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

राष्ट्रिय महिला आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

२.२ राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम आयोगको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम तोकिएको छ :

क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रम लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधार गर्नको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ख) संविधान तथा कानून प्रदत्त महिलाको अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरुको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत, साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरुबारे सम्बन्धित निकायलाई सिफारिश गर्ने ।

ङ) महिलाको हक हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एव. चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रुपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने वा गराउने ।

ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने ।

झ) सदस्य तथा आयोगको कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने ।

ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

**आयोगले सम्पादन गर्दै आएका मुख्य कार्यहरु :**

क) महिलाको हक, हित र अधिकारको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ख) नेपाल सरकार तथा अन्य निकायबाट सञ्चालन भएका महिला विकास सम्बन्धी कार्यक्रमहरुको अनुगमन गर्ने,

ग) महिला सरोकारका क्षेत्रमा अध्ययन, अनुसन्धान गरी सिफारिश गर्ने,

घ) सरोकारवाला निकायहरुसँग साझेदारी तथा समन्वय गर्ने,

ङ) "खबर गरौं ११४५ हेल्पलाइन सेवा" मार्फत् हिंसा पीडित महिलाहरुलाई सहयोग गर्ने ।

**३. आयोगको संगठन तालिका**

आयोगको स्वीकृत दरवन्दी र संगठन तालिका देहाय बमोजिम रहेको छ :-

# राष्ट्रिय महिला आयोगको संगठन संरचना

सचिव
रा.प.प्रथम (प्रशासन) - १

**प्रशासन तथा योजना शाखा**
उपसचिव रा.प. द्वितीय (प्र./सा.प्र.) -१
शा.अ रा.प.तृ.(प्र./सा.प्र.) -२
ना.सु रा.प.अनं.प्रथम (प्र./सा.प्र.)-५
क. अ. रा.प.अनं.प्रथम (विविध)-२
हेल्पलाइन अपरेटर रा.प.अनं.प्रथम विविध-२
ह.स.चा. (श्रेणीविहीन)- ७
का.स, (श्रेणीविहीन) -७ ,

**उजुरी तथा मुद्दा व्यवस्थापन शाखाः**
उपसचिव रा.प. द्वितीय (न्याय/कानून)-१
शा.अ.,रा.प.तृ.(न्याय, स.व.) -१
मनोसामाजिक परामर्शदाता अधिकृत (स्वास्थ्य/छैटौं/सातौं) - १
मनोसामाजिक परामर्शदाता- (स्वास्थ्य/चौथो/पाँचौं) -१

**नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखाः**
उपसचिव रा.प. द्वितीय (प्र.,सा.प्र.) -१
कानून अधिकृत रा.प.तृ. (न्याय, कानून) -१

**महिला विकास समन्वय शाखाः**
प्र.म.वि.अ.रा.प. द्वितीय (विविध) -१
म.वि.अ रा.प.तृ (विविध) -१
म.वि.नि रा.प.अनं प्रथम (विविध)-१

**आर्थिक प्रशासन शाखाः**
लेखा अधिकृत रा.प.तृ. (प्र.,लेखा) -१
लेखापाल रा.प.अनं.प्रथम (प्र.,लेखा)-१

b/aGbL t]l/h

सचिव रा.प. प्र. (प्र) - १
उ.स. रा.प. द्वि. (प्र) -२
उ.स.कानुन रा.प. द्वि- १
प्र.म.वि.अ. - १
शाखा अधिकृत रा.प. तृ -२
कानुन अधिकृत रा.प.तृ -१
शा.अ. स.व.रा.प. तृ -१
ले.अ. रा.प. तृ (सा.प्र)- १
म.वि.अ. रा.प. तृ (विविध) -१
मनोसामाजिक परामर्शदाता - छैटौ/सातौ -१
ना.सु. रा.प. अनं. प्र. (सा.प्र)- ५
ले.पा. रा.प.अनं. प्र. (प्र) - १
मनोसामाजिक परामर्शदाता. चौथो/पाचौ- १
म.वि.नि. रा.प. अनं. प्रथम - १
क.अपरेटर रा.प. अनं. प्र. विविध -२
हेल्पलाइन अप. -२

राष्ट्रिय महिला आयोगले संबैधानिक आयोगको हैसियत प्राप्त गरेसँगै संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M Survery) गरी नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दी अनुसार आयोगमा हाल कुल ३८ दरबन्दी रहेको छ । जसमा राजपत्रांकित १२, राजपत्र अनंकित १२ र श्रेणीविहीन १४ दरबन्दी रहेको छ । यस अवधिमा कुल दरबन्दीमध्ये राजपत्रांकित ११ पद, राजपत्र अनंकित ९ गरी जम्मा २० पद पूर्ति भएको छ भने विभिन्न श्रेणीका पदमा रहेका अन्य कर्मचारीहरु अन्यत्र कामकाजमा खटिएको अवस्था छ ।

| सिं.नं | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | - | |
| २ | उपसचिव | रा.प.द्धितीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ३ | उपसचिव | रा.प.द्धितीय | न्याय | कानून | १ | १ | | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्धितीय | विविध | | १ | १ | - | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ६ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | १ | - | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | १ | १ | - | |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | - | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | विविध | | १ | १ | | |
| ११ | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं | स्वास्थ्य | | १ | | १ | कामकाज |
| १२ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १३ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | १ | - | |
| १४ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं | स्वास्थ्य | | १ | - | १ | कामकाज |
| १५ | महिला विकास निरिक्षक | रा.प.अनं प्रथम | विविध | | १ | - | १ | काज |
| १६ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | २ | | |
| १७ | हेल्पलाईन अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | - | १ | कामकाज |
| १८ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ७ | ७ | - | |
| १९ | का.स./माली /स्वीपर/गार्ड | श्रेणी विहिन | ७ | | ७ | ७ | - | |
| २० | जम्मा | | | | ३८ | ३७ | ४ | |

## kbk"lt{sf] cj:yf M

आयोगमा घरेलु हिंसा, महिला माथिको हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालिकाहरुलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले विगतमा विश्व बैंकको सहयोगमा Itegrated Platform for Gender Based Violence & Response (IPGBVPR) in Nepal नामक परियोजना अन्तर्गत **"खबर गरौं ११४५ हेल्पलाइन सेवा"** सञ्चालनमा रहेकोमा हाल नेपाल सरकारबाट अस्थायी दरबन्दी स्वीकृत गरी नेपाल सरकारकै बजेटबाट उक्त सेवा सञ्चालन गरिएको छ । उक्त सेवा सञ्चालनका लागि निम्न पदहरुमा कर्मचारीहरु करार सेवामा नियुक्ती भई कार्यरत रहेका छन् ।

| क्र.स. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | १ | |
| २ | कानून अधिकृत | २ | |
| ३ | मनोसामाजिक मनोविमर्शकर्ता | १ | |
| ४ | हेल्पलाइन अपरेटर | १० | |
| ५ | कार्यालय सहयोगी | २ | |
| ६ | ह.स.चा. | १ | |
| | जम्मा | १७ जना | |

### ४. आयोगको शाखागत कार्य विवरण

आयोगमा रहेका शाखाहरुबाट निम्न बमोजिम कार्य सम्पादन हुने गरी जिम्मेवारी तोकिएको छ ।

**प्रशासन तथा योजना शाखा**

- ❖ अन्य शाखाहरुसँगको समन्वयमा व्यवस्थित रुपमा कार्यालय सञ्चालन गराउने,
- ❖ आयोगको सवारी साधन लगायत भौतिक स्रोत साधनको संरक्षण तथा व्यवस्थापन गर्ने,
- ❖ कर्मचारीहरुको व्यक्तिगत विवरण व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ कार्यालयको दैनिक कार्य सञ्चालन गर्ने सम्बन्धी कार्य,
- ❖ तालिम,गोष्ठी, सेमिनार, बैठक सम्बन्धी कार्य,
- ❖ पुरस्कार तथा विभागीय सजाय सम्बन्धी कार्य,

- ❖ आयोगमा रहेका कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ आयोगको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- ❖ पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ सूचना केन्द्रको व्यवस्थापन तथा अध्ययन अनुसन्धानसँग सम्बन्धी सामग्रीको संकलन र अभिलेख व्यवस्थापन गर्ने,
- ❖ नागरिक वडापत्र/गुनासा सम्बन्धी कार्य,
- ❖ खरीद गर्नुपर्ने सामानको सिफारिस गर्ने सम्बन्धी कार्य,
- ❖ आयोगको वार्षिक तथा आवधिक कार्ययोजना र रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्य,
- ❖ वार्षिक बजेट योजना तथा कार्यक्रम तयारी गर्ने,
- ❖ आयोगबाट प्रकाशन गरिने सामग्रीको उत्पादन, प्रकाशन र वितरण योजना तयार गर्ने,
- ❖ स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना (Work Plan) कार्यान्वयन तथा अनुगमन निमित्त सुचकाङ्कहरु तथा लक्ष्य निर्धारण सम्बन्धी कार्य,
- ❖ आयोगका कर्मचारीहरुको क्षमता र वृत्ति विकास गर्ने सम्बन्धी कार्य,
- ❖ तथ्याङ्क संकलन र व्यवस्थापन, सूचना संकलन, संग्रह, अभिलेखन र सम्पादन सम्बन्धी कार्य गर्ने,
- ❖ हिंसा पीडित महिलालाई सहयोग पुऱ्याउन सञ्चालित **खबर गरौं ११४५ हेल्पलाईन सेवा** व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ अन्य शाखाको कार्य विवरणमा नपरेको कार्यहरु गर्ने ।

## ख) महिला विकास समन्वय शाखा

- ❖ स्थानीयतहमा महिला विकास सम्बन्धी कार्यको व्यवस्थापन गर्न एकाइ, जनशक्तिको व्यवस्थापन र कार्यक्रमको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,
- ❖ लैङ्गिक सम्पर्क बिन्दुहरुको अवस्थाको लेखाजोखा गर्ने, लैङ्गिक सम्पर्क बिन्दुबाट भएका कार्यहरुको कार्यान्वयन पक्षको अनुगमन तथा समीक्षा गरी भूमिका प्रभावकारी बनाउन पृष्ठपोषण गर्ने सम्बन्धी कार्य,
- ❖ महिला तथा किशोरीमाथि हुने तथा भइरहेको हिंसा नियन्त्रणको लागि निरोधात्मक, उपचारात्मक कार्यक्रमहरु सम्बन्धी कार्य,
- ❖ महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन गरी प्रतिवेदन तयार गर्ने कार्य,
- ❖ महिलाहरुको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच तथा आत्मनिर्भर, रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनको लागि सम्बन्धित सरोकारवाला निकायसँग निरन्तर छलफल तथा समन्वय गर्ने कार्य,

- ❖ लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा निवारणका लागि पुरुष, किशोरकिशोरीहरु, अभिभांवकहरुको सहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित निकाय तथा स्थानीयतहसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य,
- ❖ विपद् व्यवस्थापन तथा प्रतिकार्यका सम्बन्धमा महिला तथा संकटापन्न समूहको विशेष संरक्षणको सम्बन्धमा गरिएका कार्यहरुको अनुगमन तथा पृष्ठपोषण सम्बन्धी कार्य,
- ❖ नेपालको संविधानमा महिला हक अधिकारसँग सम्बन्धित प्रावधान तथा व्यवस्था अनुसार महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको विवरण संकलन सम्बन्धी कार्य,
- ❖ लैङ्गिक समाानता तथा सशक्तीकरणका लागि बाधकको रुपमाा रहेका प्रथा, परम्परा, कुरीति विरुद्धका अभियान आमसहभागितामा सञ्चालन गर्ने गरी आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धी कार्य,
- ❖ महिला हिंसा निवारणका लागि अल्पकालीन तथा दीर्घकालीन आश्रयसेवा प्रदान गर्ने तथा मनोसामाजिक विमर्शसेवा प्रदान गर्ने संस्थाहरुको विवरण अद्यावधिक गरी पीडितलाई सेवा आवश्यक भएको अवस्थामा सेवा प्रवाहका लागि कार्यरत संस्था तथा सम्वन्धित स्थानीयतहमा समन्वय गर्ने,
- ❖ महिला विकाससँग सम्वन्धित विभिन्न समसामयिक विषयमा अनुसन्धान गर्न गराउन सरोकारवाला निकायसँग समन्वय गर्नुका साथै स्वीकृत कार्यक्रम सञ्चालन गर्ने,
- ❖ महिला केन्द्रित अर्थतन्त्र,महिलाको व्यवसायिक सीप, क्षमता विकास तथा बजार व्यवस्थापन सम्बन्धमा अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु,

## ग) नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा

- ❖ महिलाको हकहितसँग सम्वन्धित कानून वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी सही कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- ❖ महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने कार्य,
- ❖ नेपाल पक्षराष्ट्र भएका सन्धि सम्झौताको नियमित प्रतिवेदन तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अधावधिक गर्ने सम्बन्धी कार्य,
- ❖ महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित मन्त्रालय ⁄निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने कार्य,

- ❖ आयोगको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- ❖ आयोगले सम्पन्न गरेका कामहरुको विश्लेषण तथा भावी कार्यदिशाका सम्बन्धमा आवश्यक सुझाव तयार पार्ने सम्बन्धी कार्य,
- ❖ सञ्चार माध्यममा प्रकाशित महिला सरोकारका समाचारहरुको विश्लेषण गरी आवश्यक नीतिगत सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- ❖ सञ्चार माध्यम एवं महिला सरोकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरुको विवरण अद्यावधिक गर्ने सम्बन्धी कार्य ।

**घ) उजुरी तथा मुद्दा व्यवस्थापन शाखा**

- ❖ आयोग विरुद्ध परेका रिट निवेदन सम्बन्धी कार्य,
- ❖ आयोगलाई आवश्यक परेको विषयमा कानूनी राय दिने सम्बन्धी कार्य,
- ❖ आवश्यक कानून निर्माण सम्बन्धी कार्य,
- ❖ आयोग र हेल्पलाइन अन्तर्गतका उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ आयोगमा प्राप्त हुन आएको उजुरी दर्ता, कार्वाही र प्रारम्भिक छानविन सम्बन्धी कार्य,
- ❖ उजुरी व्यवस्थापनको क्रममा आवश्यकता अनुसार सम्वन्धित निकायहरुमा समन्वयका लागि सिफारिस र आदेश तयार गरी पेश गर्ने,
- ❖ कानून बमोजिम मेलमिलाप गराउने सम्बन्धी कार्य,
- ❖ उजुरी सिफारिसको अनुगमन सम्बन्धी कार्य,
- ❖ नीति निर्माण, कानून निर्माण तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको विषयमा कानूनी राय प्रदान गर्ने सम्बन्धी कार्य,
- ❖ तत्कालीन घटना अनुगमन गरी सोको अनुसन्धान गर्ने र मुद्दा दायर गर्नुपर्ने तथा महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा मुद्दा दायर गर्ने सम्बन्धी कार्य,
- ❖ पीडितका लागि आवश्यक मनोसामाजिक परामर्श, निःशुल्क कानूनी सहायता, अल्पकालीन तथा दीर्घकालिन आश्रय तथा पुर्नस्थापना जस्ता सेवाका लागि सिफारिस गर्ने सम्बन्धी कार्य,
- ❖ महिला हिंसा नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य,
- ❖ महिलासँग सम्वन्धित कानूनी व्यवस्था र सोको कार्यान्वयन सम्बन्धमा अध्ययन, अनुसन्धान सम्बन्धी कार्य,
- ❖ महिलाका हक हितसँग सम्बन्धित नीति तथा कानूनहरुको अध्ययन, अनुसन्धान तथा लैङ्गिक विश्लेषण गरी सरकार समक्ष पेश गर्न सुझाव तयार गर्ने सम्बन्धी कार्य,

❖ महिला हिंसाका घटनासँग सम्वन्धित सूचनाहरुको अभिलेखीकरण र अध्ययन गर्ने गराउने सम्बन्धी कार्य,
❖ पीडितसँग आश्रित बालबालिका विशेष सेवा सम्बन्धी कार्य ।

**ङ) आर्थिक प्रशासन शाखा**

❖ आयोगको वार्षिक बजेट तर्जुमामा सहयोग गर्ने,
❖ निकासा एवं खर्चको प्रबन्ध मिलाउने,
❖ निकासा रकमको खर्च हिसाब रीतपूर्वक राख्ने,
❖ खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखापरीक्षण गराउने,
❖ आयोगका कार्यक्रमहरुको आर्थिक पक्षको अनुगमन गर्ने,
❖ पेश्की बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं पेश्की फछ्र्यौट गर्ने र अद्यवधिक गराउने,
❖ आय व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने, गराउने,
❖ आयोगको आर्थिक कारोबारसम्बन्धमा कार्यालय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने ।

**५ आयोगबाट प्रदान गरिने सेवा :**

यस आयोगले निम्न प्रकारको सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

→ महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी त्यसमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने र अनुगमन गर्ने,

→ नेपाल सरकार पक्षधर भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपालले पठाउनु पर्ने प्रतिवेदनको सम्वन्धमा नेपाल सरकारलाई सहयोग पुऱ्याउने र सुझाव दिने,

→ लैङ्गिक बजेट विनियोजन भए नभएको, महिला मैत्री वातावरण भए नभएको अनुगमन गरी नेपाल सरकारलाई प्रतिवेदन उपलब्ध गराउने,

→ घरेलु हिंसा र महिला हिंसामा परेका पीडित महिलाहरुको उजुरी लिइ दुई पक्षबीच छलफल गराई आवश्यक प्रक्रिया अघि बढाउने । यसका साथै आयोगले विभिन्न संघसंस्थाहरुसँग समन्वय गरेर निम्नानुसारको थप सेवा पनि प्रदान गर्दै आइरहेको छ ।

→ मनोसामाजिक परामर्श सेवा : पीडितहरुलाई निजको स्थिति सामान्य गर्न मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिएको छ ।

→ कानूनी परामर्श सेवा : आयोगमा पीडितहरुको लागि निशुल्क कानुनी सेवा समेत उपलब्ध गराउन गरिएको छ ।

→ अल्पकालीन आश्रय सेवा : घर परिवारमा मिलेर बस्न नसक्ने पीडितहरुको सुरक्षालाई ध्यानमा राखी अल्पकालीन आश्रयस्थलको समेत व्यवस्था गरिएको छ ।

→ आकस्मिक सहायताः पीडितहरुलाई ध्यानमा राखी तत्काल औषधीउपचार, घरसम्म जान यातायात खर्च तथा खानपिनको लागि न्यूनतम सहयोग गर्दै आइरहेको छ ।

२०७९ श्रावण १ देखि असोज मसान्तसम्म आयोगमा परेका उजुरीको विवरण निम्नानुसार रहेको छ ।

| **महिना** | **घरेलु हिंसा** | **महिला हिंसा** | **जम्मा** |
|---|---|---|---|
| श्रावण | १२१ | ५ | १२६ |
| भदौ | ८५ | ९५ | १८० |
| असोज | ५० | १० | ६० |
| **जम्मा** | **२५६** | **११०** | **३६६** |

### ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| **क्र.स.** | **शाखा** | **पद** | **जिम्मेवार कर्मचारी** | **कैफियत** |
|---|---|---|---|---|
| **१** | महिला विकास समन्वय शाखा | प्रमुख महिला विकास अधिकृत<br>महिला विकास अधिकृत | श्री सीता अधिकारी<br>श्री रोशनी श्रेष्ठ | |
| **२** | उजुरी तथा मुद्दा व्यवस्थापना शाखा | उपसचिव कानून<br>सरकारी वकिल | श्री चमिला भट्टराई<br>श्री वर्षा ढकाल | |

| | | | | |
|---|---|---|---|---|
| ३ | नीति निर्माण अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा | उप सचिव प्रशासन<br>कानून अधिकृत | श्री गिरिराज ज्ञवाली<br>श्री आश्रृती पोखरेल | |
| ४ | प्रशासन तथा योजना शाखा | उपसचिव प्रशासन<br>शाखा अधिकृत<br>शाखा अधिकृत /सूचना अधिकारी | श्री ओमकार शाह<br>श्री विष्णु कुमारी न्यौपाने<br>चन्द्रा थापा | |
| ५ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | लक्ष्मी देवी रेग्मी रिजाल | |

**७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

आयोगमा उजुरी दर्ता गर्दा कुनै किसिमको शुल्क लाग्ने छैन ।

**८. निर्णय गर्ने प्रक्रिया र अधिकारी**

नेपालको संविधान, राष्ट्रिय महिला आयोग ऐन, २०७४ र अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकार बमोजिम तोकिएको शर्तको अधीनमा रही अधिकारको प्रयोग र पालना गर्ने गरी निर्णय गरिन्छ ।

**९. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

माननीय सदस्य, कृष्ण कुमारी पौडेल खतिवडा

**१०. सम्पादन गरेको कामको विवरण**

आयोगले आ.व.२०७९/०८० को श्रावण १ देखि असोज मसान्तसम्मको त्रैमासिक अवधिमा आयोगबाट सम्पन्न भएका मुख्य कार्यक्रम, अनुगमन तथा अन्य गतिविधिहरु देहाय बमोजिम रहेका छन् :

**क) अन्तर्क्रिया कार्यकम**

| क्र.सं. | कार्यक्रम | मिति र स्थान | कार्यक्रमको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १ | महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन राजनैतिक सहभागिता र सशक्तिकरणको लागि राजनीतिक पार्टीका प्रमुख र प्रतिनिधिहरु संग प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम | मितिः२०७९/०५/७ गते<br>स्थानः मोरङ, बिराटनगर | • अन्तरक्रिया कार्यक्रममा उल्लेखनिय रुपमा सहभागीहरुको सहभागिता रहेको ।<br>• संविधानले राज्यका सबै तहका संरचनालाई एक तिहाई महिलाको अनिवार्य ब्यवस्था गरे अनुसार महिलाको अधिकारलाई राजनीतिक पार्टिले पनि स्वीकार गरी राजनीतिक तहमा महिलाको सहभागिता एक तिहाई हुनु पर्ने कुरामा राजनैतिक दललाई सचेत गराएको ।<br>• राष्ट्रिय महिला आयोगमा खवर गरौ ११४५ हटलाईन सेवा मार्फत उजुरी गर्ने बारे जानकारी भएको ।<br>• सबै सहभागिहरुले नेतृत्व तहमा महिलाको सहभागिता अभिवृद्धि गराउन राजनैतिक दललाई सचेत गराउने मौखिक रुपमा प्रतिबद्धता जनाएको । | |
| २ | स्थानीय तहमा न्यायीक समितिमा असल अभ्यास र न्यायमा पहुँच सम्बन्धि अन्तरक्रिया कार्यक्रम | मितिः २०७९/५/८<br>स्थानः ईटहरी । | • अन्तरक्रिया कार्यक्रममा उल्लेखनिय रुपमा सहभागीहरुको सहभागिता रहेको,यो अन्तक्रिया कार्यक्रमले<br>• आत्मबल बढेको महशुस गरेको । कतिपय सुनसरीकाका पिडितहरुको उजुरी महिला आयोगमा पनि भएका र उक्त केशमा महिला आयोगले गरेको फोनले मात्र पनि हिंसा निवारणमा सहयोग पुगेको कुरा बताउनु भयो।<br>• ढिलै भए पनि यस कार्यक्रमले स्थानिय तहमा सबै नगरपालिका र गाउ पालिकालाई एकजुट गराई सबैले हिंसा निवारणका निम्ती गरेका असल अभ्यासहरूलाइ एक आपसमा जानकार हुने मौका मिलाई दिनु भएकोमा राष्ट्रिय महिला आयोग प्रति स्थानिय निकायले आभार ब्यक्त गरेको<br>• राष्ट्रिय महिला आयोगमा खवर गरौ ११४५ हटलाईन सेवा मार्फत उजुरी गर्ने बारे जानकारी भएको ।<br>• सबै सहभागिहरुले हिंसा रोक्ने अभियानमा सशक्त आवाज उठाउने मौखिक रुपमा प्रतिबद्धता जनाएको | |

| | | | | |
|---|---|---|---|---|
| ३ | बालिका तथा किशोरीमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाको सवालमा अन्तर्क्रिया | मितिः२०७९।५।१० स्थानः युनियन हाउस, अनामनगर, काठमाडै | • बालिका र किशोरीमाथी हुने हिंसाको सवालमा कार्यरत निकायविच सहकार्यको वातावरण तयार भएका ।<br>• बालिका र किशोरीको सवालमा कार्यरत निकाय / संस्थाविचको भूमिकामा स्पष्टता देखिएको ।<br>• बालिका र किशोरीमाथि हुने हिंसाको जोखिम आंकलन भएको ।<br>• बालिका र किशोरी माथि हुने हिंसा न्यूनिकरणमा आवश्यक नीति तथा कार्यक्रम तय गर्न निकायहरुलाई सुझाव तथा सिफारिस गर्ने आधार तय भएको ।<br>• राष्ट्रिय महिला आयोगले बालिका तथा किशोरीको सवालमा गर्नु पर्ने क्रियाकलापहरुबारे जानकारी प्राप्त भएको ।<br>• बालिका तथा किशोरीको उत्थान, संरक्षण तथा प्रतिभा प्रष्फुटनमा राज्यकफ तर्फबाट हुनु पर्ने । नीतिगत,कानुनी तथा संस्थागत व्यवस्थाबारे स्पष्ट हुन सकिएको । | |
| ४ | लैंगिक हिंसाका कारण महिलाको मानसिक र प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे अन्तर्क्रिया | मितिः२०७९।५।२१ स्थानः एलो प्यागोडा होटल, जमल, काठमाडौ। | • लैङ्गिक हिंसाका कारण महिलाको प्रजनन् स्वास्थ्य र मानसिक स्वास्थ्यमा पर्ने असरबारे सरोकारवाला निकायहरुलाई सचेतीकरण गरिएको ।<br>• लैङ्गिक हिंसाका कारण प्रजनन् स्वास्थ्य र मानसिक स्वास्थ्यमा पर्ने असरबारे तथ्य, सिद्धान्त, उदाहरण र अभ्यासबारे विस्तृत छलफल भएको ।<br>• ३.लैङ्गिक हिंसाका कारणका महिलाको प्रजनन् स्वास्थ्य र मानसिक स्वास्थ्यमा पर्ने असर न्युनिकरणका लागि आवश्यक नीति, योजना र कार्यक्रम तय गर्न सूचनाको आधार तय भएको।<br>• ४.लैङ्गिक हिंसा नियन्त्रण गर्न र लैङ्गिक हिंसाका कारण महिलाको मानसिक र प्रजनन् स्वास्थ्यमा पर्ने असर कम गर्न सरोकारवाला निकाय र व्यक्तिहरुलाई अविलम्ब खटिनका लागि राष्ट्रिय महिला आयोगबाट आवश्यक निर्देशन दिइएको ।<br>• ५.लैङ्गिक हिंसा नियन्त्रण, प्रजनन् स्वास्थ्य प्रवर्द्धन र मानसिक स्वस्थता प्रवर्द्धनका लागि सरकारी निकाय र गैरसरकारी क्षेत्र विच ऐक्यवद्धता र सैद्धान्तिक सहमतिको वातावरण तय भएको। | |
| ५ | (क) महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी | मितिः२०७९।५।२८ स्थान : जिल्ला | • लैङ्गिक हिंसा निवारणमा जिल्ला स्थित युवाहरुलाई उनीहरुको भूमिकाबारे जानकारी गराउने वातावरण तयार भएको छ ।<br>• लैङ्गिक हिंसाका पीडितहरुलाई राष्ट्रिय महिला आयोगले प्रवाह गर्दै आएको सेवाबारे जानकारी भएको हुँदा तनहूँका पीडितहरुले आयोगको सेवा लिने सहज वातावरणका लागि सूचना र | |

| | | | | |
|---|---|---|---|---|
| | बनाउन सामाजिक, राजनैतिक क्षेत्रका युवाहरुसँग अन्तर्क्रिया कार्यक्रम | समन्वय समिति, तनहुँ । | सञ्चारको आधार बनेको छ ।<br>• युवाहरुको परिचालन गरी हिंसा न्यूनिकरणका उपायहरु अवलम्बन गर्न जिल्लाका सरोकारवालाहरुलाई मार्गदर्शन भएको छ ।<br>• कार्यक्रममा उपस्थित अतिथि र सहभागीहरुबाट अबका दिनमा हिंसा नगर्ने, हिंसा नसहने र हिंसा पीडितलाई सक्दो सहयोग गर्ने गरी प्रतिवद्धता भएको छ ।<br>• राष्ट्रिय महिला आयोगको काम, कर्तव्य, अधिकार तथा आगामी कार्यदिशाका सवालमा जिल्ला स्थित सरोकारवालाहरुलाई जानकारी गराउने अवसर प्राप्त भएको छ । | |
| | (ख) महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनैतिक क्षेत्रका युवाहरुसँग अन्तर्क्रिया कार्यक्रम | मिति: २०७९।५।२९<br>स्थान : जिल्ला समन्वय समिति, नीलकण्ठ नगरपालिका, धादिङ्ग। | • लैङ्गिक हिंसा निवारणमा जिल्ला स्थित युवाहरुलाई उनीहरुको भूमिकाबारे जानकारी गराउने वातावरण तयार भएको छ ।<br>• लैङ्गिक हिंसाका पीडितहरुलाई राष्ट्रिय महिला आयोगले प्रवाह गर्दै आएको सेवाबारे जानकारी भएको हुँदा तनहूँका पीडितहरुले आयोगको सेवा लिने सहज वातावरणका लागि सूचना र सञ्चारको आधार बनेको छ ।<br>• युवाहरुको परिचालन गरी हिंसा न्यूनिकरणका उपायहरु अवलम्बन गर्न जिल्लाका सरोकारवालाहरुलाई मार्गदर्शन भएको छ ।<br>• कार्यक्रममा उपस्थित अतिथि र सहभागीहरुबाट अबका दिनमा हिंसा नगर्ने, हिंसा नसहने र हिंसा पीडितलाई सक्दो सहयोग गर्ने गरी प्रतिवद्धता भएको छ ।<br>• राष्ट्रिय महिला आयोगको काम, कर्तव्य, अधिकार तथा आगामी कार्यदिशाका सवालमा जिल्ला स्थित सरोकारवालाहरुलाई जानकारी गराउने अवसर प्राप्त भएको छ । | |
| ६ | एकल महिलामाथि हुने अवहेलना, दुर्व्यबहार र हिंसा विरुद्ध एकल महिलाको सुरक्षाको सवालमा अन्तर्क्रिया कार्यक्रम | २०७९।६।१३ गते<br>स्थान : राष्ट्रिय महिला आयोग रहेको भवनको सभा हल । | • एकल महिलाको सवालमा सरोकारवाला माझ छलफल<br>• विषयको गहनतामा सरोकारवालाहरुको संवेदनशीलताको विकास ।<br>• नीतिगत सुझाव तयार गर्ने प्रयोजनका लागि सुचना तथा जानकारी प्राप्ती ।<br>• समन्वय र सहकार्यको वातावरण सृजना भएको।<br>• एकल महिलाका समस्या र चुनौतीको उजागर भई समाधानका लागि वातावारण तयार भएको ।<br>• एकल महिलाका अधिकारकर्मीहरुले एकल महिलाका सवालहरु उठान गर्ने वावरण प्राप्त भएको । | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

### ख) लैंगिक केन्द्रबिन्दू बैठक

| क्र.सं | कार्यक्रम | मिति र स्थान | उपलब्धि |
|---|---|---|---|
| १ | नीतिगत जागरणका लागि विभिन्न मन्त्रालय र विभागका लैङ्गिक सम्पर्क व्यक्ति/शाखासँग सहकार्य बैठक | मिति: २०७९।५।०६ स्थान : राष्ट्रिय महिला आयोग । | • विषयगत मन्त्रालयका लैङ्गिक सम्पर्क विन्दु माझ सहकार्यको वातावरण तय भएको ।<br>• विषयगत मन्त्रालयका लैङ्गिक सवालहरु बारे राष्ट्रिय महिला आयोगमा जानकारी भएको लैङ्गिक सम्पर्क विन्दु सम्बन्धमा असल अभ्यास र कमजोरीबारे स्पष्टता भएको ।<br>• लैङ्गिक सम्पर्क विन्दुको कार्यक्षेत्रगत शर्त बारे सबै लैङ्गिक सम्पर्क विन्दुहरुलाई जानकारी प्राप्त भएको ।<br>• लैङ्गिक सम्पर्क व्यक्तीहरुमा आफूले आफ्नो निकायमा निर्वाह गर्नु पर्ने भूमिकाबारे स्पष्टता भएको ।<br>• लैङ्गिक सम्पर्क व्यक्तीको सवालमा असल अभ्यास र कमजोर पक्षबारे खुलेर छलफल गर्ने वातावरण सृजना भई एक आपसमा सूचना र जानकारी साटासाट गरिएको । |

### ग) सिड सम्बन्धी परामर्श बैठक

| क्र.सं | कार्यक्रम | मिति र स्थान | उपलब्धि |
|---|---|---|---|
| १. | महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा परामर्श बैठक | २०७९-०५-१७ बागमती प्रदेश-हेटौंडा | राष्ट्रिय महिला आयोगका श्रीमान् सचिव कविराज पौडेलज्यूको अध्यक्षतामा भएको सिड महासन्धिको आवधिक प्रतिवेदन तयारीको परामर्श बैठकमा बागमती प्रदेश सरकार तथा स्थानीय तहका विभिन्न सरकारी निकाय, सञ्चारकर्मी, विभिन्न न्यायिक निकाय र नागरिक समाज र महिला अधिकारकर्मीको प्रतिनिधित्व भएको थियो। सिड महासन्धिको कार्यान्वयनको सन्दर्भमा बागमती प्रदेश सरकारबाट महिला हकहितका लागि भएका प्रयासको जानकारी प्रदान गर्नु सँगै राष्ट्रिय महिला आयोगको सार्वजनिक हक हित चासोसँग सम्बन्धित कानुनी प्रावधान तर्फ ध्यानाकर्षण गराइएको थियो । |
| २. | महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने सम्बन्धी | २०७९-०५-१९ | राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीज्यूको अध्यक्षतामा भएको सिड महासन्धिको आवधिक प्रतिवेदन तयारीको परामर्श बैठकमा मधेस प्रदेश सरकार तथा स्थानीय तहका विभिन्न सरकारी निकाय, |

| | | | |
|---|---|---|---|
| | महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा परामर्श बैठक | मधेस प्रदेश-जनकपुर | सञ्चारकर्मी, विभिन्न न्यायिक निकाय र नागरिक समाज र महिला अधिकारकर्मीको प्रतिनिधित्व भएको थियो ।सिड महासन्धिको कार्यान्वयनको सन्दर्भमा मधेस प्रदेश सरकारबाट महिला अधिकार संरक्षणका लागि भएका प्रयासका बारेमा जानकारी प्राप्त हुनुका साथै महिला विभेदको अन्त्य गर्नका लागि आयोगले प्रदेशमा समेत कार्यालय स्थापना गर्नुपर्ने सुझाव समेत प्राप्त भयो । |
| ३. | महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा परामर्श बैठक | २०७९-०५-२१ प्रदेश १-विराटनगर | राष्ट्रिय महिला आयोगका माननीय सदस्य जया घिमिरेज्यूको अध्यक्षतामा भएको सिड महासन्धिको आवधिक प्रतिवेदन तयारीको परामर्श बैठकमा प्रदेश १ सरकारका सरकार तथा स्थानीय तहका विभिन्न सरकारी निकाय, सञ्चारकर्मी, विभिन्न न्यायिक निकाय र नागरिक समाज र महिला अधिकारकर्मीको प्रतिनिधित्व भएको थियो । सिड महासन्धिको कार्यान्वयनको सन्दर्भमा प्रदेश १ सरकारबाट महिलाका विषयवस्तुमा हालसम्म भएका प्रयासका बारेमा जानकारी प्राप्त हुनुका साथै आमाको नामबाट नागरिकता उपलब्ध गराउनका लागि आयोगले अग्र भूमिकामा रहेर काम गर्नुपर्ने सुझाव समेत प्राप्त भयो । |
| ४. | महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा परामर्श बैठक | २०७९-०५-२७ गण्डकी प्रदेश-पोखरा | राष्ट्रिय महिला आयोगका माननीय सदस्य जया घिमिरेज्यूको अध्यक्षतामा भएको सिड महासन्धिको आवधिक प्रतिवेदन तयारीको परामर्श बैठकमा गण्डकी प्रदेश सरकार तथा स्थानीय तहका विभिन्न सरकारी निकाय, सञ्चारकर्मी, विभिन्न न्यायिक निकाय र नागरिक समाज र महिला अधिकारकर्मीको प्रतिनिधित्व भएको थियो । सिड महासन्धिको कार्यान्वयनको सन्दर्भमा गण्डकी प्रदेश सरकारबाट महिला सशक्तीकरणका लागि भएका प्रयासका बारेमा जानकारी प्राप्त हुनुका साथै महिला अधिकारको सुनिश्चितताको लागि महिला आयोगले नियमित अनुगमन मूल्यांकन गरी कार्यान्वयनका लागि राज्यलाई जिम्मेवार बनाउन पहल गर्नुपर्ने सुझाव समेत प्राप्त भयो । |
| ५. | महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका | २०७९-०५-३० लुम्बिनी प्रदेश-बुटवल | राष्ट्रिय महिला आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माज्यूको अध्यक्षतामा भएको सिड महासन्धिको आवधिक प्रतिवेदन तयारीको परामर्श बैठकमा लुम्बिनी प्रदेश सरकार तथा स्थानीय तहका विभिन्न सरकारी निकाय, सञ्चारकर्मी, विभिन्न न्यायिक निकाय र नागरिक समाज र महिला अधिकारकर्मीको प्रतिनिधित्व भएको थियो । सिड महासन्धिको कार्यान्वयनको सन्दर्भमा प्रदेश सरकारले महिला सबलीकरणमा चालेका |

| | | | |
|---|---|---|---|
| | सम्बन्धमा परामर्श बैठक | | कदम र लागू गरेका कार्यक्रमका बारेमा जानकारी प्राप्त हुनुका साथै महिला अधिकारको सुमिश्चिततताको लागि महिला आयोगले अग्रणी भूमिकामा रहेर लैङ्गिक समानता सम्बन्धी बन्ने हरेक कानुनहरुको कार्यान्वयनका सम्बन्धमा प्रचारप्रसार र सचेतना कार्यक्रम गर्ने सुझाव समेत प्राप्त भयो । |
| ६. | महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा परामर्श बैठक | २०७९-०६-०६<br>सुदूरपश्चिम प्रदेश-धनगढी | राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाज्यूको अध्यक्षतामा भएको सिड महासन्धिको आवधिक प्रतिवेदन तयारीको परामर्श बैठकमा सुदूरपश्चिम प्रदेश सरकार तथा स्थानीय तहका विभिन्न सरकारी निकाय, सञ्चारकर्मी, विभिन्न न्यायिक निकाय र नागरिक समाज र महिला अधिकारकर्मीको प्रतिनिधित्व भएको थियो ।सिड महासन्धिको कार्यान्वयनको सन्दर्भमा सुदूरपश्चिम प्रदेश सरकारले महिला सशक्तीकरणका सवालमा लागू गरेका कार्यक्रमका बारेमा जानकारी प्राप्त हुनुका साथै लैङ्गिक सवालका मुद्दाहरु, अन्तर्राष्ट्रिय प्रतिबद्धता, अन्तर्राष्ट्रिय स्तरमा गरिने प्रतिवेदनका बारेमा व्यापक प्रचारप्रसार आयोगले गर्नुपर्ने सुझाव समेत प्राप्त भयो । |
| ७. | महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ का आवधिक प्रतिवेदन तयारीका सम्बन्धमा परामर्श बैठक | २०७९-०६-०९<br>कर्णाली प्रदेश-सुर्खेत | राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाज्यूको अध्यक्षतामा भएको सिड महासन्धिको आवधिक प्रतिवेदन तयारीको परामर्श बैठकमा कर्णाली प्रदेश सरकार तथा स्थानीय तहका विभिन्न सरकारी निकाय, सञ्चारकर्मी, विभिन्न न्यायिक निकाय र नागरिक समाज र महिला अधिकारकर्मीको प्रतिनिधित्व भएको थियो ।सिड महासन्धिको कार्यान्वयनको सन्दर्भमा कर्णाली प्रदेश सरकारबाट महिला हकहितका विषयमा भएका प्रयासहरुका बारेमा जानकारी प्राप्त हुनुका साथै राष्ट्रिय महिला आयोगले संघीयता कार्यान्वयनमा ध्यान दिँदै प्रदेश तथा स्थानीय तहमा समेत क्षेत्राधिकार र कार्यालय स्थापना गर्नुपर्ने सुझाव समेत प्राप्त भयो । |

**घ) अनुगमन सम्बन्धी कार्यक्रम**

आयोगबाट विभिन्न मितिमा भएका स्थलगत अनुगमनको विवरण

१. मिति २०७९/०४/०९ गतेका दिन राष्ट्रिय महिला आयोगका माननिय सदस्य जया घिमिरे र मधेशी आयोगका माननिय सदस्य जीव साहबाट रौतहट जिल्ला कटहरिया नगरपालिका वडा नं ५ बलिरामपुर टोलको बृध्दावन नगरपालिका सिसवा धमउरा टोल निवासी चन्द्रेश्वर दासको छोरा बर्ष २२ को रामाकान्त दास संग विवाह भएकी सविता भनिने (सन्जु) कुमारी दासको मिति २०७९/०४/०२ गतेका दिनमा मृत्यु भएको घटना सम्बन्धमा मृतकका माइती पक्षसंग भेटी

घटनाको सम्बन्धमा जानकारी लिने उद्देश्यले संयुक्त अनुगमन गरिएको थियो । यस अनुगमनबाट आवश्यक कार्यवाहीको लागि जिल्लाका सुरक्षा निकायहरुको ध्यान केन्द्रित भएको थियो ।

२. मिति २०७९/०४/१७ गतेका दिन राष्ट्रिय महिला आयोगद्वारा माननीय सदस्य विद्या कुमारी सिन्हाज्युको नेतृत्वमा महेत्तरी जिल्ला बर्दिबास नगरपालिका मा आफ्नै काकाद्वारा ८ बर्षिय बालिका जबरजस्ती करणी र धनुषा जिल्ला मिथिला नगरपालिका वडा नं. ९ मा बस्ने १४ बर्षकि बालिकालाई ५९ बर्षको मामा पर्नेले जबर्जस्ति करणि गरि २० हप्ताको गर्भपतन गराउनको लागि प्रादेशिक अस्पताल जनकपुरमा ocmc मा राखेर उपचार भइरहेको सन्दर्भमा अनुगमन भएको थियो । यस अनुगमन पश्चात ८ बर्षिय बालिकाको परिवारलाई महिला मन्त्रालयको राहत कोषबाट आर्थिक सहयोगको लागि पत्राचार गरिएको र स्वास्थ्य मन्त्रालयमा २० हप्ताको गर्भपतनका लागि ocmc बाट निशुल्क उपचारको लागि सिफारिस गरिएको |

३. मिति २०७९/०४/३० गते राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाज्यूको नेतृत्वमा किर्तिपुर अस्पतालमा अनुगमन गरिएको छ | महोतरी स्थाई घर भएका शंकर सदाले श्रीमती र सासु लाई मट्टीतेल तथा पेट्रोल खन्याई मर्ने प्रयास गरेर उपचार गर्न किर्तिपुर अस्पताल लागेको अवस्थामा माननीय सदस्य विद्या कुमारी सिन्हाज्यूको टोली ले अनुगमन गरेको हो | अनुगमनका क्रममा मृतक पिडितको ६० प्रतिशत cell damage भएको कुरा उक्त अस्पतालका डाक्टर हरुबाट जानकारी हुन आएको छ | त्यसैले मृतक पिडितको अवस्था नाजुक नै थियो भन्ने बुझियो|

४. मिति २०७९/५/९ गतेका दिन राष्ट्रिय महिला आयोगका माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडा ज्यूको नेतृत्वमा ६० बर्षिया आमा गोमा खड्कामाथि सार्वजनिक स्थानमा बाबु र छोरा मिलेर ज्यान लिने उदेश्यका साथ गरेको हातपातको बिषयमा पिडितको अवस्था र माग बारे बुझ्नका लागि पीडितले आश्रय लिई बसेको स्थान बुढानिलकण्ठ-४ गल्फुटार , प्रहरी बृत महाराजगंज र टिचिंग अस्पतालको स्थलगत अनुगमन गर्ने काम भएको छ | अनुगमनको क्रममा यसरी सार्बजनिक स्थानमा हातपात गर्नेलाई कडा भन्दा कडा सजायको लागि पहल गरिदिन माननीय ज्यूबाट प्रहरी बृत्त प्रमुख अंगुर जी.सी लाई निर्देशन भएको छ |

५. मिति २०७९/५/२८ गते राष्ट्रिय महिला आयोगका माननीय सदस्य जया घिमिरेको नेतृत्वमा खटिएको टोलीले तनहुं दमौली अस्पताल मा आधारित एकद्धार संकट व्यवस्थापन केन्द्र OCMC को अनुगमन कार्य सम्पन्न भयो | अनुगमन को समयमा तनहुं जिल्लाको प्रमुख जिल्ला अधिकारी विश्व प्रकाश अर्यालज्यूको समेत उपस्थिति रहेको थियो OCMC को सेवा प्रवाहमा सुधारका लागि अनुगमन टोलीबाट महत्वपूर्ण सुझाऊहरू दिईएको थियो |

साथै मिति २०७९।५।२९ गतेका दिन धादिङ्ग अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र र सहयात्री समाज नेपालद्वारा संचालित महिला सुरक्षा आवास गृहको अनुगमन गरिएको थियो।

६. मिति २०७९ /६/ ४ गतेका दिन माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाको नेतृत्वमा रुद्रान्जु प्रतिष्ठान, कीर्तिपुर नगरपालिका वडा नं. १ मा रुद्रान्जु प्रतिष्ठानको भवन बृद्धबृद्धा बुवाआमाहरुलाई उपलब्ध गराईने सेवा बारे अनुगमन कार्यक्रम सम्पन्न भएको छ ।अनुगमनका क्रममा प्रतिष्ठानबाट बुवाआमाहरुलाई उपलब्ध गराईने विभिन्न सेवाको विषयमा जानकारी प्राप्त गर्ने र प्रतिष्ठानको भवन निर्माण कार्यको समेत अनुगमन भएको थियो ।

७. मिति २०७९/६/७ गते राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाको नेतृत्वमा खटिएको टोलीले कर्णाली प्रदेशको सुर्खेतमा कर्णाली प्रदेश अस्पतालमा रहेको एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन कार्य सम्पन्न भयो | अनुगमन को समयमा अस्पतालका मे.स. लगायत कर्मचारीहरु र जिल्ला प्रहरी कार्यालयको प्रहरी उपरिक्षकसँग भेट गरी OCMC को सेवा प्रवाहमा सुधारका लागि अनुगमन टोलीबाट महत्वपूर्ण सुझाऊहरू दिईएको थियो ।

८. आयोगका माननीय सदस्य श्री सावित्रा कुमारी शर्माज्यूको नेतृत्वमा मिति २०७९ असोज ११, १२, १३ र १४ गते क्रमश: कास्की, स्याङ्जा र पर्वत जिल्लाको पैयु गाउँपालिका पर्वतमा स्थलगत भ्रमण सम्पन्न भएको छ । भ्रमणमा कास्की र स्याङ्जा जिल्लाका जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीहरु र साझेदारी/अन्यसंघ संस्थाका प्रतिनिधिहरुसँग जिल्ला भित्रका समग्र महिलाहरुको अवस्थाको सन्दर्भमा छलफल गर्नुका साथै कानूनी तथा संबैधानिक हक सुनीस्चीत गराइ महिलाहरुलाइ उचित इज्जत आमन चयन अनुसार जीवन यापन गराउने वातावरण सृजना गन विषयमा छलफल भएको थियो । भ्रमणका क्रममा पैयु गाउँपालिकामा महिलाहरुको अवस्था बुझ्न गाउँपालिका उपाध्यक्ष न्यायिक समितिका अध्यक्ष, वडा अध्यक्षहरु र अन्य सरोकारवाला पक्षका प्रतिनिधिहरु समेतको सहभागितामा छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

## ङ) सम्पादित अन्य कियाकलापहरु

१. आयोगमो **"खबर गरौं ११४५ हेल्पलाइन सेवा"** सञ्चालनका लागि अस्थाई दरबन्दी स्वीकृत गराई कर्मचारीहरु करार सेवामा नियुक्ती गरिएको ।

२. आयोगको वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरिएको ।

३. आयोगबाट आ.व. २०७८/०७९ मा सम्पादित क्रियाकलापहरुलाई समेटी आयोगको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको ।

४. विभिन्न कलेजमा अध्ययन गर्ने विधार्थीहरुलाई आयोगमा इन्टर्नसीप गर्न स्वीकृती दिइएको ।

## च) राष्ट्रिय महिला आयोगले सञ्चालन गरेको "खबर गरौं ११४५ हेल्पलाइन सेवा" सम्वन्धी जानकारी:

आयोगमा घरेलु हिंसा, महिला माथिको हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालिकाहरुलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले **"खबर गरौं हेल्पलाइन ११४५ सेवा"** को

सञ्चालन गरिएको छ । यस हेल्पलाईनमा फोन, sms, स्वयं उपस्थित भएर, इमेल वा वेबसाईटबाट पनि सम्पर्क गर्ने सबै प्रकारको व्यवस्था गरिएको छ ।

१) हेल्पलाइन सेवाको उद्देश्य :

- ❖ लैङ्गिकतामा आधारित हिंसासँग सम्बन्धित मुख्य सरोकारवालाहरुमा जनचेतना अभिबृद्धि गर्ने ।
- ❖ लैङ्गिकतामा आधारित हिंसा विरुद्ध निःशुल्क हेल्पलाइन सेवा (टेलिफोन सेवा) संचालन गर्ने ।
- ❖ राष्ट्रिय महिला आयोगको सेवा प्रवाहलाई अझ चुस्त, गुणस्तरीय तथा ब्यापक बनाउने ।
- ❖ हालको कार्यलाई थप प्रभावकारी बनाउनका लागि अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा वृद्धि गर्ने ।
- ❖ आवश्यक अध्ययन र छलफल पश्चात् हेल्पलाइन सेवाको प्रदेश स्तरमा विस्तार गर्ने,

२) हेल्पलाइन सेवाको उपलब्धि :

- ❖ घरेलु तथा लैङ्गिक हिंसाको समस्या वा प्रभावमा परेका महिला तथा बालबालिकाका लागि हेल्पलाइन उजुरी गर्ने  सजिलो र भरपर्दो माध्यम बन्न पुगेको छ । समस्यामा परेका महिला तथा बालबालिकाले हेल्पलाइनमा आफ्ना कुराहरु निर्धक्कसाथ राख्ने गरेका छन् र आवश्यक सहयोग एवं परामर्श प्राप्त गर्ने गरेका छन् ।
- ❖ हिंसा प्रभावितहरुको विश्वास आर्जन गर्न सकेको छ भने अर्कोतर्फ हिंसाको तत्कालै सम्बोधन हुने हुनाले उनीहरुको न्याय, प्रभावितहरु तथा तिनका आश्रितहरुको संरक्षण र सरल तथा सहज न्याय प्राप्तिको मार्गलाई सुनिश्चित गरेको छ ।
- ❖ जोखिममा परेका महिला तथा बालबालिकाहरुलाई तत्काल राहत प्रदान गर्न विभिन्न आश्रय स्थलमा पठाउने गरिएको छ ।
- ❖ कानूनी सहायता केन्द्र (ल्याक) र नेपाल बार एशोसियशन मार्फत् कानूनी उपचारका लागि निःशुल्क कानूनी सेवा प्रदान गर्दै आइरहेको छ ।
- ❖ लैङ्गिक हिंसा निवारणका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा वृद्धि भएको छ ।
- ❖ सेवा प्रदायक संस्थाहरुबाट उपलब्ध हुने सेवाको बारेमा Mapping गरिएको ।

## ११. प्रमुख र सूचना अधिकारीको नाम

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १ | कविराज पौडेल | सचिव |

| | | |
|---|---|---|
| २ | चन्द्रा थापा | सूचना अधिकारी |

**१२. ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची**

| क.सं. | ऐन, नियम, विनियम वा निर्देशिकाहरु |
|---|---|
| १ | राष्ट्रिय महिला आयोग ऐन, २०७४ |
| २ | राष्ट्रिय महिला आयोग नियमावली, २०७८ |
| ३ | लैंगिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउने सेवा प्रदायक संस्था छनौट तथा सेवा शूल्क/अनुदान उपलब्ध सम्बन्धी कार्यविधि, २०७८ |
| ४ | राष्ट्रिय महिला आयोगको बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७८ |
| ५ | राष्ट्रिय महिला आयोग आन्तरिक निर्देशिका, २०७८ |

**१३. आम्दानी खर्च र आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

मिति २०७९ श्रावण १ गते देखि असोज मसान्तसम्मको कारोबारको अवस्था:

| शीर्षक | विनियोजित बजेट रु. | असोज मसान्त सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | ५६६,००,०००/- | ५०,३९,०१५/९६ | ८.९ |
| पुँजीगत खर्च | २३,००,०००/- | ९७,९९३/- | ४.२६ |
| कार्यक्रम खर्च | ३,२६,००,०००/- | १०,०१,८४१/- | ३.०७ |
| पदाधिकारी खर्च | ७९,००,०००/- | १८,८५,१३८/- | २३.०० |

**१४. राष्ट्रिय महिला आयोगको वेवसाइट**

www.nwc.gov.np र e-mail सम्पर्क info@nwc.gov.np रहेको छ ।

**१५. राष्ट्रिय महिला आयोगले प्राप्त गरेको वैदेशिक सहायता सम्वन्धी विवरण :**

हाल आयोगमा वैदेशिक सहायताबाट कुनैपनि कार्यक्रम नभएको ।

**१४. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली**

प्रचलित कानून बमोजिम दिन मिल्ने सबै प्रकारको सूचनाहरु उपलब्ध गराउने गरिएको ।

**१५. सार्वजनिक निकायमा गरेका सूचना परेका सूचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषय**

माग भए अनुसारको सूचना उपलब्ध गराउने गरिएको ।

**१६. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण**

महत्वपूर्ण सूचनाहरु आयोगको बेबसाइटमा पनि राख्ने गरिएको ।